# १२ सुसमाचार प्रसार र गवाहीको परिणामको समिक्षा

*<u>यस अध्यायको निम्ति पढ्नुहोस्:</u>* २ कोरन्थी १३:५,६, हिब्रू १०:२४,२५, व्यवस्था १०:१२,१३, मत्ती २३:१५, प्रकाश १४:६।

*<u>स्मरण गर्नुपर्ने पद</u>*: "बुद्धिमानी मानिसको चेतावनी सुन्ने कानमा लगाएको असली सुनको गहना जस्तै हो।" (हितोपदेश २५:१२ रूपान्तरित)।

<u>**मूल बिचार:**</u> परिणामलाई नजाँची परमेश्वरको सुमाचार प्रचार गर्ने महान् काममा संलघ्न हुनु भूल हो।

**हामीहरू प्रायजसो सुसमाचार प्रचारको सिमित नतिजामा नै संतुष्ट भएका हुन्छौं।** यदि बिगतका प्रचार गर्ने काम र गवाही दिने कामलाई राम्रोसँग मूल्याङ्कन गरियो भने हाम्रो प्रयासले अझ राम्रो सफलता पाउन सक्दछौं र साथै त्यसको नतिजा पनि ठूलो हुनसक्दछ। हाम्रो कामको समिक्षाले भविष्यमा गरिने योजनालाई सुधार्न पनि सक्छौं।

कहिलेकाहिँ सुसमाचार प्रचार र गवाही दिने कार्यक्रमको निम्ति ठूलो धनराशी खर्च गरिन्छ तर त्यसको नतिजा भन्ने नगण्य नै भएको पनि पाउँछौं। यसले फेरि त्यहि काम गर्न बजेट अर्थात् आर्थिक निकासामा हेरफैर गर्नीतिर धकेलिदिन्छ। यदि सहि र सुधार गर्ने नितिले त्यस आर्थिक निकासाको बारेमा पुनःमूल्याङ्कन गरिन्छ भने त्यसलाई असलै मान्नुपर्दछ। तर हामीले गर्ने कुनै सुसमाचार प्रसारको कार्यक्रमको पूर्ण नतिजा अहिले नै थाहा हुँदैन भन्ने कुरालाई मनमा राख्नुपर्छ। हामीहरूको ध्यान कतिजनाले बप्तिस्मा लिए त्यसमा मात्र जान सक्छ। त्यसलाई मात्र हाम्रो प्रयासको परिणाम भनेर हामी सोच्न सक्दछौं, तर प्रचार गर्ने सिलसिलामा कतिजना को हृदयमा सुसमाचारको बिऊ रोपे भन्ने कुरा हामीलाई थाहै हुँदैन। यद्यपि, आलोचना गरेर दोष पत्ता लगाउने नियतले मूल्याङ्कन नगरि अबको कार्यक्रममा कसरी सुधार गर्दै लैजाने भनेर विगतको कार्यक्रमको समिक्षा गर्न सकिन्छ।

हामीले गरेको सुसमाचार प्रचारको कार्यक्रमको मूल्याङ्कन गर्नु बाइबलको निति हो भनेर यस अध्यायमा हामी अध्ययन गर्नेछौं।

चर्चको कार्यक्रमको समिक्षा गर्नु स्थानिय चर्चको जीवनको प्रमूख भाग हो भनेर पुनरावलोकन गर्नेछौं।

## १. सुसमाचार प्रचारको मूल्याङ्कन वा समिक्षा किन गर्ने (१ तिमोथी १:१-१३)

हामीले चाहोस् वा नचाहोस्, हामीले गरेका कामहरूको मूल्याङ्कन भइ नै रहेको हुन्छ। प्रत्येक सब्बाथ र प्रत्येक सार्वजनिक सभामा हामीहरूको क्रियाकलापलाई मानिसहरूले नजिकैबाट हेरिरहेका हुन्छन्। मानिसहरूले प्रवचनको मूल्याङ्कन गर्दछन्। सुसमाचार प्रचारको कार्यक्रमका सन्देशहरू उच्च स्तर, आत्मिक ज्ञानले भरिपूर्ण र पेशागत होस् भन्ने श्रोताहरूले अपेक्षा गरेका हुन्छन्। जहाँ जहाँ मानिसहरू हुन्छन् त्यहाँ त्यहाँ तिनीहरूले कार्यक्रमको लेखाजोखा गरि नै रहेका हुन्छन्। औपचारिक रूपमा सुसमाचारका कार्यक्रमहरूको समिक्षा गरेका थिए भनेर बाइबलको ठ्याक्क पदलाई त हामी औंल्याउन सक्दैनौं। तर आफूहरूले गरेका सुमाचार प्रचारको गम्भिर मूल्याङ्कन गर्ने प्रारम्भिक चर्चका विश्वासीहरूको आदत थियो भनेर बाइबलमा स्पष्ट रूपमा देखाइको पाउँछौं।

**सुसमाचार प्रचार गरेपछि त्यसको मूल्याङ्कन गर्न विश्वासीहरू गम्भिर भएका थिए भनेर देहायका पदहरूले कसरी देखाउँदछन्: १ तिमोथी ३:१-१३, १ कोरन्थी ११:२८ र २ कोरन्थी १३:५,६? अनि कस्ताखालका मूल्याङ्कन गरे भनेर उपरोक्त पदहरूले हामीलाई आभास दिइन्छ?**

जब परमेश्वरको वचनले निति निर्धारण गर्दछन् वा आदेश दिन्छन् र त्यस अनुसार काम गर्न सक्रिय हुन्छौं तब त्यसको मूल्याङ्कन गर्ने हाम्रो पहिलो कदम हुनुपर्दछ। मूल्याङ्कन गर्ने सिलसिलामा धेरै समसामयीक र महत्त्वपूर्ण जिज्ञासाहरू प्रस्तुत गरेका हुन्छन्, जस्तैः “परमेश्वरको नाउँमा उहाँको महिमा दिने काम हामीले कसरी गरिरहेकाछौं?" “त्यस काममा हामीले कसरी सुधार गर्दै लैजाने?" आदि।

चर्चका एल्डर र डिकनहरूले पालन गर्नुपर्ने केहि आचारसहिंतालाई पावलले दिएका थिए। यसको अर्थ त्यस आचारसहिंता अनुसार चलेको छ कि छैन भनेर त्यसको मूल्याङ्कन गर्नुपर्छ भनेर

देखाइएको छ। जुन कामको लागि व्यक्तिहरू नियुक्तभएका थिए त्यस काममा तिनीहरू योग्य छन् की छैन भनेर हामीले गरिने मूल्याङ्कनले देखाउँछ।

**स्वर्गमा जानुभन्दा पहिले आफ्ना चेलाहरूलाई यो अन्तिम आदेश दिनुभएको थियोः "स्वर्ग र पृथ्वीमा सबै अधिकार मलाई दिइएको छ। यसकारण जाओ, सबै देशका जातिहरूलाई चेला बनाओ। पिता, पुत्र र पवित्र आत्माको नाउँमा बप्तिस्मा देओ। मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुराहरूलाई पालन गर्न तिनीहरूलाई सिकाओ। हेर, म युगको अन्त्यसम्म सधैं तिमीहरूको साथमा हुनेछु।" (मत्ती २८:१८-२०)। यस निर्देशनलाई अध्ययन गर्दा कस्ताखालको आत्मआलोचना गर्ने प्रश्नहरूका जवाफ तपाईंको चर्चले दिनसक्छन्?**

परमेश्वरका सेवक भएको हैशियतले हामीलाई सत्य सुसमाचार सुनाउने महत्त्वपूर्ण जिम्मेवारी हाम्रो काँधमा उहाँले बसालिदिनुभएको छ। फेरि यो सुसमाचार केहि जातलाई मात्र सुनाउने नभएर संसारका कुनाकाप्चामा रहेका सबै मानिसलाई सुनाउनुपर्छ भन्ने कुरा हामी बुझ्छौं। अनि उहाँको कामको मूल्याङ्कन गर्ने तरिकापनि उहाँलाई थाहा छ भन्ने कुरामा अचम्म मान्नु हुन्न। सुसमाचार सुनाउने आह्वानलाई स्वीकार गर्ने विश्वासीहरूलाई सुसमाचार सुनाउने जिम्मेवार उहाँले दिनुहुन्छ। तिनीहरूले गरेका प्रगतीको बारेमा परमेश्वरले चासो लिनुहुन्छ।

**पावलले २ कोरन्थी १३:५मा भन्छन्, "तिमीहरू विश्वासमा दह्रिला छौ कि छैनौ भनेर आफैले आत्मआलोचना गरेर हेर। आफ्नो विश्वासलाई आफैले जाँचेर हेर। जाँचमा असफल भएनौ भने येशूख्रीष्ट तिमीहरूमा भएको थाहा हुनुपर्दछ।" व्यक्तिगत रूपमा यो वचनले तपाईंलाई के भनिरहेको छ? तपाईंको जीवनमा यसलाई व्यवहारिक रूपमा कसरी उतार्नुहुन्छ? येशू ख्रीष्ट तपाईंमा छ भन्ने प्रमाण के छ?**

## २. मूल्याङ्कनमा दया र सदाशयता देखाऊ (प्रेरित १६:१,२)

हामी जे काम गर्छौं त्यसको मूल्याङ्कन हुनुपर्छ। हामीले गरेको कामको लेखा जोखा हुनु जरुरी छ किनभने त्यसको उपयोगिता धेरै छ। तर मूल्याङ्कन गर्दा वा कसैले गरेको काम सफल भयो वा भएन भनेर कोटयाउन खोज्दा हामीले केहि सतर्कहरू अपनाउनुपर्दछ। यदि

खाली मूल्याङ्कन गर्ने मात्र हाम्रो काम हो वा दोषी ठहराउन मात्र आलोचना गर्ने बानी हाम्रो छ भने धेरै सक्षम् स्वयंसेवकहरू हामीले गुमाउन सक्दछौं। दोष कोट्याउने वा अरूप्रति आलोचनामात्र गर्ने बानीले तिनीहरूलाई निराश पार्दछ। त्यसकारण मूल्याङ्कनलाई केवल आलोचनात्मक दृष्टिले नहेरि सकारात्मक दृष्टिले हेर्नुपर्दछ। भइरहेको कामलाई अझ सुधार्दै लाने र त्यसको  समर्थन गर्ने र जुटाउने मनशायले मूल्याङ्कन गर्नु पर्दछ। चर्चका कर्मचारीहरू वा प्रचारकहरूले आफ्नो गच्छे अनुसार काम गरिरहेको हुन्छ। तर कतिपय समयमा चर्चका अगुवा वा अरू विश्वासीहरूले तिनीहरूको कामलाई सराहना गरेको पाइन्दैन। परमेश्वरको काममा खट्नेहरूको समर्थन गर्न र हौशला दिन प्रायजसो हामी चुक्दछौं। ती मानिसहरू आफ्नो काम गर्न जहिले पनि तयार भएका हुन्छन्। तिनीहरूको कामै त्यहि हो भनेर हामी अपेक्षा गर्दछौं। हामीलाई चाहेको बेलामा तिनीहरू तुरन्त उपलव्ध हुनुपर्छ भनेर विश्वासीहरूले तिनीहरूलाई प्रयोग गरेको पनि हुन्छ। तर चर्चका अगुवा वा सेवकहरूको मूल्याङ्कन पनि गरियो भने तिनीहरूलाई अझ कसरी सहायता गर्ने र मद्दत गर्ने भन्ने कुराको अवसर मिल्न सक्दछ।

**एक आपसमा हौशला दिने, समर्थन गर्ने, मिलेर काम गर्ने र सहायता गर्ने निति येशूका चेला तथा सुरूका विश्वासीहरूको थियो। देहायका केहि पदहरूले ती कुराहरूको आभास हामीले पाउँदछौं, हेर्नुहोस्ः प्रेरित १६ः१,२, रोमी १६ः१, १ कोरन्थी ११ः२ र फिलिप्पी ४ः१४। आज पनि विश्वासीहरूले एकै टिम वा मिलोमत्तो समूह खडा गरेर परमेश्वरको निम्ति कसरी काम गर्दसक्दछौं? वा काम गर्ने समूह वा चर्चका कर्मचारीहरूलाई हामीले कसरी सहायता गर्नसक्दछौं?**

स्वार्थी मनस्थिति वा आफ्नो भाऊमात्र खोज्ने बानीले गर्दा कतिपय समयमा प्रेरित पावलले चर्चका अगुवा तथा विश्वासीहरूलाई हप्काउनु परेको थियो। बाइबल सम्मत नचल्ने तर आफ्नै गुटउपगुट बनाएर बाइबलको भन्दा आफ्ना धारणाहरूलाई अघि बढाउन खोज्ने विश्वासी तथा अगुवाहरूदेखि पावल अत्यन्त निरास भएका थिए। यसको अर्थ अगुवा तथा विश्वासीहरूको कुनै न कुनै मूल्याङ्कन भएका थिए भनेर देखाउँदछ। तर जतिसक्यो धेरै विश्वासीहरूले गरेको मद्दत र बफादारी कामले पावलले सराहना गरेका थिए। परमेश्वरको काममा

इमान्दारीपूर्वक खट्नेहरूलाई उनले जस दिएका थिए। र साथै तिनीहरूको बफादारी र प्रतिवद्धप्रति भावबिभोर भएर व्यक्तिगत रूपमै परमेश्वरको महिमापनि गरेका थिए।

कामको नतिजा र तरिकाको पनि मूल्याङ्कन उचित हुन्छ। निर्धारित कार्यक्रमको लक्ष्यमा पुग्यो कि पुगेन भनेर त्यसको नतिजा जोखेर मूल्याङ्कन गर्नुपर्दछ। कार्यक्रम कस्तो व्यवस्थित ढँगमा चल्यो भनेर थाहा पाउन त्यसको मूल्याङ्कन गर्नुपर्दछ।

**"हामी एक एउटाले अर्कालाई प्रेम र कामको निम्ति कसरी उत्साहित गराउने, त्यस कुरामाथि बिचार गरौं।कति जनाले सङ्गतीमा नजाने बानी हुन्छ। तर हामीचाहिँ एकसाथ भेला हुन नछोडौं। प्रभुको दिन नजिक आइरहेको तिमीहरूले देखेको हुनाले एउटाले अर्कोलाई झन प्रोत्साहन देओ।" हिब्रू १०:२४,२५। एक आपसमा हौशला दिने काममा लाग भन्ने पावलको अनुरोधको अर्थ के हो? ती पदहरूमा के मूल्याङ्कनको निति हामीले देखिरहेकाछौं?**

पावलले व्यक्त गरेका माथिका पदहरू केवल सुझाव मात्र होइन। एक आपसको आत्मिक बृद्धि र बिकासलाई गम्भिर रूपमा लिनुपर्छ भनेर चेतावनीसाथ पावलले हामीलाई निर्देशन दिएका हुन्। हामीहरूको इसाई जीवनमा के कुराको खाँचो तथा आवश्यकता छ त्यसमा गम्भिर हुनु परमेश्वरको चाहना हो भनेर हामी बुझ्नु पर्दछ। जब हामी "एक आपसमा ध्यान दिँछौं" तब एक आपसमै उचित मूल्याङ्कन गर्न पनि पछि हट्दैनौं।

**तपाईंले गरिरहनुभएको सेवाकार्यमा कसैले श्यावास भने वा टेवा अर्थात् भर दिए तपाईंको हौशल कस्तरी बढेको पाउनुभएको छ, त्यसको बारेमा सोच्नुहोस्। केवल केहि सकारात्मक तथा उत्साहजनक शव्दहरू तपाईंलाई प्रयोग गर्दा कस्तो अचम्मसँग तपाईंको जोश वढ्छ ! अरूप्रति तपाईंको सामान्य धारणा कस्तो छ? के अरूले गरेको काममा काँडामात्र देख्ने तपाईंको आदत छ कि फूल देखेर हौशला दिने येशूको निति तपाईंसँग छ? अरूलाई निराश पार्ने, जोशलाई सिथिल पार्ने खालका आलोचनाहरूले पिरोल्ने तपाईंको बानी छ भने येशूको शक्तिले त्यसलाई कसरी परिवर्तन गर्ने?**

## ३. परमेश्वरले हामीबाट के अपेक्षा गर्नुहुन्छ (व्यवस्था १०:१२,१३)

मोसाले मरूभुमीमा यात्रा गरिरहेका इस्रायलीहरूलाई यो निर्देशन दिएका थिएः "यसैकारण अब हे इस्रायलीहरू हो, परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूबाट चाहनुभएको कुरो यी नै हुन्ः तिमीहरूले आफ्ना परमप्रभु परमेश्वरको भय मान, उहाँको सबै मार्गमा हिँड, उहाँलाई प्रेम गर, आफ्नो सारा हृदय र प्राणले परमप्रभु तिमीहरूका परमेश्वरको सेवा गर। तिमीहरूका हितको लागि मैले आज तिमीहरूलाई आदेश गरेका परमप्रभुका आज्ञा र विधिहरू मान्।" (व्यवस्था १०:१२,१३)। मोसाले दिएका ती निर्देशनलाई सारांशमा उतार्नु परे तपाईंले कसरी गर्नुहुन्छ?

नयाँ करारमा पनि मोसाको उपरोक्त अभिव्यक्तिलाई दोहोऱ्याएका थिए। कुन पद हो तपाईंलाई थाहा छ? व्यवस्थामा उल्लेखित ती निर्देशन किन गरिमामय छ भनेर नयाँ करारमा उद्‌धृत गरेकोले पनि हामी बुझ्दछौं। मोसाले व्यवस्थाको पुस्तकमा दिएका ती खबरदारी र निर्देशन तपाईंको निम्ति कत्तिको महत्त्वपूर्ण छ?

हामीबाट परमेश्वरले के अपेक्षा गर्नुभएको छ भनेर ती पदहरूले बताउँदछन्। केवल विश्वासबाट मात्र हामी मुक्ति पाउँछौं भनेर आत्मसात् गर्दा गर्दै पनि ती पदहरूको अर्थ हामीले कसरी बुझ्ने?

हामीहरूका हृदय, प्राण, प्रेम, श्रद्धा तथा भयलाई समेतेर उल्लेख गरेका ती पदहरू अत्यन्त मार्मिक छन्। ती कुराहरूलाई मानिसले बाहिरबाट देखिने होइन। हामीमा परमेश्वरप्रतिको आस्थामा आमूल परिवर्तन कसरी भएको छ भनेर अरू मानिसले हामीलाई हतपत्त मूल्याङ्कन गर्न सक्दैन। यद्यपि, हामीहरूको कस्तो बाहिरि आचरण तथा आदर्श जीवनले हामीहरूको हृदयमा मोसाले व्यक्त गरेका भावनाले जरो गाडेको छ भनेर कसरी देखाउने? येशूभक्त भनेर दावी गर्ने विश्वासीहरूले प्रकाश १४:६-१२लाई आत्मसात् गर्दै हामीहरूको भित्री र बाहिरी जीवनले एक आपसमा मेल खान्छ भनेर कसरी प्रदर्शन गर्ने?

गैर-यहूदी अर्थात् म्लेच्छ भनेर कहलाइएका मानिसहरूलाई धर्मगुरू तथा बाइबलका पण्डितहरूको "गवाही दिने" र "प्रचार गर्ने" आदतलाई कडाइका साथ येशूले मूल्याङ्कन गर्नुभएको थियो। उहाँले भन्नुभयो, "धिक्कार तिमीहरूलाई, शास्त्री र फरिसी पण्डितहरू हो, तिमीहरू पाखण्डी हौ। किनकि तिमीहरूले एक जनालाई आफ्नो मतमा

ल्याउनलाई समुद्र र जमिन चहार्दछौ र त्यो व्यक्ति तिमीहरूको मतमा (धर्ममा) आएपछि त्यसलाई आफूभन्दा दोवर नरकको छोरो बनाउँछौ।" (मत्ती २३:१५ रूपान्तरित)। हो, हामीले पनि सारा संसारमा गएर सुसमाचार प्रचार गर भन्ने येशूको निर्देशन पालन गर्ने क्रममा व्यवस्था १०:१२ र १३को गहिरो र गम्भिर सत्यहरूलाई जहिले पनि सम्झिरहनुपर्दछ। कसैलाई इसाई बनाएर फसाउने हाम्रो धर्म होइन। कसैलाई पनि "मैले वेकारमा धर्म परिवर्तन गरें" भन्ने आभास दिनु उनीहरूलाई अहिले नै नरकको सन्तान बनाउनु हो।

## ४. विश्वासीहरूवीच आत्मिक वृद्धिको मूल्याङ गर्ने (१ सामूयल १६:५)

चर्च वा व्यक्तिले निर्धारण गरेको कुनै पनि लक्षहरूलाई मूल्याङ्कन गर्नुपर्छ भने हामीले विगतका अध्यायमा हेरेका थियौं। "हाम्रो चर्चमा कति जना सदस्यहरू बढे" भनेर संख्यालाई गनेर हामीहरूको उपलव्धीप्रति गौरब हुन सजिलो त छ नै। चर्चको संख्या वढ्नु नै हाम्रो सफलता हो भनेर हामीहरूको मूल्याङ्कन गर्ने बानी नौलो होइन। तर याद गर्नुहोस्, आत्मिक चर्च भनेको संख्या वा आँकडामामात्र भरपर्दैन।

हुलका हुलले चर्च भर्नु हामीहरूको लक्ष्य होइन भन्ने कुरामा हामी स्पष्ट हुनुपर्दछ। तर येशूसँगको सम्वन्धमा प्रगती गर्दै जाने, उहाँलाई हृदय, प्राण, शरीर, दिमागदेखि प्रेम गर्ने र परमेश्वरप्रतिको प्रेम देखाउन उहाँको आज्ञाहरू पालन गर्ने विश्वासीहरूले चर्च भरिएको चाहना हामीले गर्नुपर्छ। तर प्रचारप्रसार गर्न जतातते जाने, जुनसुकै मूल्यपनि चुकाउने वा जतिसुकै खर्च पनि गर्ने तर कोहि इसाई भयो भने त्यसलाई पुराना विश्वासीको भन्दा दोवर नरकको आभास दिने काम हामीबाट कदापी गर्नुहुन्न। नत्र भने येशूले धर्मगुरूहरूलाई लगाइदिनुभएको पाखण्डी वा आडम्वरीको पगरी हामीले पनि लगाइरहेका हुन्छौं। मिशनको काम वा मिशिनेरीकाम अर्थात् सुसमाचार प्रचार गर्दा आत्मिक विकासलाई नजिकबाट मूल्याङ्कन गर्नु कतिको जरूरी छ भनेर येशूले दिनुभएको कडा चेतावनी अर्थात् खबरदारीलाई पन्छाउनु चर्चको कुनै अगुवा वा सक्रिय विश्वासीको हितको कुरा होइन। चर्चमा ल्याइने विश्वासीहरूको मात्र होइन हाम्रो आफ्नै पनि बराबर आत्मिक मूल्याङ्कन गरिरहनुपर्दछ।

**त्यहि सन्दर्भमा देहायका पदहरू पढ्नुहोस्: मत्ती २६:४१, १ थेस्सोलोनी ५:१७, रोमी ८:६, एफिसी ६:१७,१८, २ तिमोथी २:१५,१६ र भजन १:२। के महत्त्वपूर्ण आत्मज्ञानहरू ती पदहरूले हामीलाई देखाइएकाछन्? हामीहरूको आत्मिक बिकासको निम्ति ती पदहरूमा उल्लेख गरिएका नितिहरू किन अत्यावश्यक छन्?**

अरूहरूको "नदेखिने" आत्मिक जीवनको मूल्याङ्कन गर्ने हामी पापीहरूलाई परमेश्वरको अनुग्रहको अत्यन्त आवश्यक हुन्छ। कसैको व्यक्तिगत आत्मिकको लेखाजोखा गर्ने कुनै पनि लिखित सूची छैन। त्यसकारण, कोहि विश्वासीहरू आत्मिक यात्रामा अग्रसर भइरहेको छ कि छैन भनेर मात्र हामी हेर्नसक्छौं। तर तिनीहरूको आत्मिक आन्तरिक यात्रामा लागिरहेको छ कि छैन भन्ने कुरालाई हामी हेर्नसक्दनौं। कुनै व्यक्ति बाइबलले देखाएका जीवनशैली अपनाइरहेका छन् कि छैनन् र सोको आधारमा त्यो व्यक्ति आत्मिक यात्रामा लम्किरहेको वा नरहेको हामी अवलोकन गर्नसक्दछौं (तर तिनीहरूलाई निगरानीमा राख्न हामी कत्तिको सक्षम् वा योग्य छौं त?)। माथि बाइबलका पदहरूमा दिएका सूची निश्चयनै हाम्रो लागि लाभप्रद उदाहरणहरू हुन्। तर अरूको आत्मिक जीवन जोख्न हामी जहिले पनि होशियारी हुनुपर्दछ। फेरि त्यसैवखत यदि नयाँ विश्वासीहरू हाम्रो सम्पर्कमा आएका छन् भने तिनीहरूलाई प्रार्थना, बाइबल अध्ययन, परमेश्वरको आज्ञालाई शिरोपर गरेर हिंड्ने जस्ता आत्मिक कदमहरूलाई प्रेम, दया र सहानुभूतिपूर्वक सिकाउनुपर्दछ। ती तत्वहरू कुनै पनि येशूभक्तको जीवनमा छैन भने उसको आत्मिक जीवन बाउन्ने भएर जान्छ भन्ने कुराको कसैको दुइमत हुँदैन।

## ५. चर्च बढिरहेको छ कि छैन भनेर मूल्याङ्कन गर्ने (प्रकाश १४:६,७)

हामी यस संसारमा हाम्रो चर्च निरन्तररूपमा किन छौं भन्ने थाहा पाउन नै हाम्रो चर्चको क्रियाकलापको मूल्याङ्कन गर्नुपर्छ। संसारको इतिहासको विशेष कालमा सेभेन्थ-डे एडभेन्टिस्टको स्थापना भएको थियो भन्ने हाम्रो विश्वास छ। सारा संसारको कुना काप्चामा सुसमाचार फैलाउने काम परमेश्वरको योजना हो। अर्थात् समग्र रूपमा भन्ने हो भने हामीहरूले पाएका मुक्तिको स्वाद सबै मानिसले पाउन् भन्ने नै हाम्रो चर्चको मूल उद्देश्य हो र त्यहि कामको निम्ति हामी यहाँ छौं।

**प्रकाश १४:६,७मा येशूको चेला यूहन्नाले यस्तो दर्शन देखे भनेर उल्लेख गरिएको छ, "अनि अर्को स्वर्गदूतलाई मध्य आकासमा उडिरहेको मैले देखें। पृथ्वीमा रहने हरेक जाति, कूल, भाषा र मानिसलाई घोषणा गर्ने अनन्तको सुसमाचार तिनीसंग थियो। तिनले चर्चको स्वरमा भने, 'परमेश्वरको भय मान, उहाँलाई महिमा देओ। किनकि उहाँको इन्साफको घडि आएको छ। स्वर्ग, पृथ्वी र पानीका मूलहरू बनाउनुहुनेलाई दण्डवत गर'।" हामी सेभेन्थ-डे एडभेन्टिस्ट भएको हैशियतले उपरोक्त स्वर्गदूतको आह्वानलाई कसरी बुझ्ने?**

परमेश्वरले खटाउनुभएको काममा हामी कत्तिको बफादारी र प्रतिवद्धतासाथ अघि बढिरहेका छौं कि छैनौं भनेर आत्मआलोचना गर्दै लेखाजोखा राख्ने काम नै सबभन्दा उचित मूल्याङ्कन मान्नुपर्दछ। चर्चले के गरिरहेको छ त्यसको मूल्याङ्कन गर्नु नै सुसमाचार प्रसार र गवाही दिने कार्यक्रममा कत्तिको प्रगती गरिरहेको छ भनेर थाहा पाउनु हो। चर्चको आकार सानोको सानै छ कि बढिरहेको छ, वा वढेन भने किन बढेन, चर्चको लक्ष्य पूरा गर्न वा नगर्न हामी सबैले कस्तो योगदान दिइरहेको छ वा छैन भन्ने विषय थाहा पाउन मूल्याङ्कनबाटनै हुन्छ।

**देहायका पदहरू पढ्नुहोस्: मत्ती ६:३३, १०:७, २४:१४ र लूका ४:४३। ती पदहरूमा हामीलाई के सन्देश दिइरहेको छ? हामी चर्च भएको हैशियतले ती पदहरूमा उल्लेख गरेका वचनहरूले हाम्रो सुसमाचार प्रसार र गवाही दिने कार्यक्रमलाई कसरी असर पार्नुपर्दछ?**

मानिसहरूलाई परमेश्वरको राज्यमा हुल्नु येशूको लक्ष्य थियो। प्रवचनद्वारा तिनीहरूको मन उहाँले कसरी जित्न खोज्नु भएको थियो भनेर देखाउन धेरै उदाहरणहरू सुसमाचारका पुस्तकहरूमा उल्लेख गरेका छन्। परमेश्वरको राज्य धेरै नजिक छ भनेर येशूले प्रचार गर्नुभएको थियो। अनेक किसिमका परम्पराहरूको सृजना गरेर मानिसहरूलाई स्वर्गको राज्यमा पस्न कठिन बनाएको र स्वर्गको ढोका बन्द गराइदिएकोमा धर्मगुरू तथा धर्मका मितयारहरूलाई उहाँले हप्काउनुभएको थियो। परमेश्वरको राज्यको बारेमा सुनाउन मानिसहरूको माझमा आफ्ना चेलाहरूलाई पठाउनुभएको थियो। मानिसहरूलाई परमेश्वरको राज्यको दायरामा ल्याउनु नै येशू, प्रेरित र चर्चको मूल लक्ष्य हो भनेर स्पष्टरूपमा हामीलाई देखाइएको छ।

इसाई चर्चको इतिहासको विभिन्न समयमा धेरै मानिसहरू चर्चमा कसरी थपे भनेर धेरै विवरणहरू लेखिएकाछन्। अन्य जाति अर्थात् गैर-यहूदी जातिको माझमा धेरै चर्चहरू कसरी स्थापित भए भन्ने धेरै विवरणहरू पनि लेखिएकाछन्। परमेश्वरको राज्यको लक्ष्य पूरा गर्न चर्चले कस्तो काम गरिरहेको थियो भन्ने कुरालाई बराबर मूल्याङ्कन भएको थियो। ती विवरणहरू नै त्यस मूल्याङ्कनको नतिजा थियो।

**यदि तपाईं येशूको साथमा छैन भने स्वतः उहाँको विपक्षमा तपाईं हुनुहुन्छ भनेर अत्यन्त जोरदार रूपमा उहाँले चेतावनी दिनुभएको थियो (मत्ती १२:३०)। फेरि तपाईं उहाँसँग मिलोमत्तो गरेर मानिसहरूलाई परमेश्वरको राज्यमा जम्मा गर्न खोज्नु भएको छैन भने तपाईंले तिनीहरूलाई तितरवितर पारिरहनुभएको छ भनेर उहाँले सतर्क गराउनुभएको थियो। के तपाईंले मानिसहरूलाई परमेश्वरको राज्यमा जम्मा गरिरहनुभएको छ कि तितरवितर पारिरहनुभएको छ? आफ्नो मनलाई कोट्याएर त्यसको जवाफ दिनुहोस्।**

## उपसंहारः

**थप जानकारीः तपाईंले गरिरहनुभएको सेवाकार्यमा अरूलाई निमन्त्रणा गर्नु**

एउटै मानिसले सबै बाजा बजाउने भन्ने मानिसको बारेमा के तपाईं सुन्नुभएको छ? आफ्नै हात, खुट्टा तथा जिउले बाण्डका सबै बाजाहरू उसले बजाउँछन्। तवला वा ड्रमलाई आफ्नो कम्मरमा बाँधेको हुन्छ। अनि खुट्टाको सहाराले त्यो ड्रम बजाउने औजार चलाउँछन्। झ्यालीहरू घुँडाका बीचमा बाँध्छन् र घुँडालाई ठोकाएर ती झ्याली बजाउँछन् आदि। यसको अर्थ आफूसँग भएको सबै वाजाहरूलाई बजाउने खूवी भएको मानिसलाई एकल व्यक्ति व्याण्ड भनिन्छ।

अरू वाध्य वाजकहरूको शारीरिक र जोशिलो साथ नभएको हुनाले त्यस एकल व्यक्ति ब्याण्ड छिट्टै थाकेर लखतराम हुन्छ। चर्चमा कसैले वास्तै गर्दैन भन्ने गुनासो गर्ने अगुवा त्यस्तै एकल ब्याण्ड चलाउने सङ्गीतकार जस्तै हो। अरू कसैलाई नसमेति आफूमात्र एक व्यक्ति समिती बनाउँछन् र चर्चलाई संचालन गर्न खोज्छन्। चर्चमा बिभिन्न खूबी भएका र परमेश्वरको काममा लक्षित मानिसहरूको सहायता

त माग्दैनन् र समावेश गराउँदैनन् तर तिनीहरूको चन्दा, भेटि दशांस आदिचाहिँ माग्ने नियत त्यस्ता एकल व्यक्ति ब्याण्ड अगुवाको हो।

परमेश्वरको सेवाकार्य तपाईंले सुरू गर्न खोज्नु भएको होला। परमेश्वरको सेवाकार्यलाई मूल्याङ्कन गरिरहने व्यक्ति तपाईं होल। तर तपाईंको सेवाकार्यमा अरूलाई कसरी समावेश गराउने भनेर केहि सुझावहरू यहाँ प्रस्तुत गरिएको छः

१. तपाईंको सेवाकार्यमा भएका विभिन्न खण्डहरूको विवेचना गर्नुहोस्। कसरी अरू विश्वासीहरू त्यसमा संलघ्न हुनसक्छन् भनेर सोच्नुहोस्।

२. तपाईंले गरिरहनुभएको कुन् खण्ड वा विभाग महत्त्वपूर्ण छन् जसमा तपाईंलाई सहयोगीको आवश्यकता पर्छ। चर्चम मूल व्यक्तिहरू पत्ता लगाउनुहोस् जसले ती महत्त्वपूर्ण विभागहरूमा भाग लिन सक्दछन्। टिम लिडर वा समूहमा अगूवा हुनसक्ने खुबी भएका विश्वासीहरूको बारेमा सोच्नुहोस्।

३. तपाईंले गर्नु भएका वा गर्ने सेवाकार्यको खाका तयार पार्नुहोस्। तपाईंले गर्नु हुने सेवाकार्यकाममा सघाउने समूहलाई जानकारी दिन त्यस खाकाले उपयोगी हुन्छ। तपाईंको लक्ष्य, चाहना, योजना के हो त्यस खाकाले देखाउँदछ र तपाईंलाई सहयोग गर्ने विश्वासी मित्रहरूलाई तपाईंका ती कुराहरूलाई बुझ्न सक्दछन्।

४. तपाँईले गर्नुभएको काम निरन्तररूपमा चर्चलाई जानकारी गराउनुहोस्। तपाईंको काम स्थानिय चर्चको प्रचार र गवाही दिने कार्यक्रमको भाग हो भनेर चर्चका विश्वासीहरूलाई थाहा हुनेछ। अनि तिनीहरू पनि तपाईंको काममा सहायोग गर्न उत्सुक हुने अवसर पाउँछन्।

५. नियमित रूपमा तपाईंका विभिन्न सहयोगी समूह (टिम)को मिटिङ्ग गर्नुहोस्। समूहका प्रयासलाई समर्थन गर्न खोज्नुहोस् र कहाँ के भइरहेको छ त्यसको मूल्याङ्कन गर्नुहोस्। यस्ता जिज्ञासाहरू राख्नुहोस्: के हामीले लक्ष्य अनुसारको काम सम्पन्न भइरहेको छ? हामीले ती काम कसरी गरिरहेकाछौं? हामीले कसरी प्रगति गर्दै जाने आदि।

**चिन्तनमननः**

१. मूल्याङ्कन गर पनि भनेको छ तर कसैलाई दोष नदेऊ पनि भनिएको छ। कसैको आलोचना गरेर दोष हेर्ने पृवृत्तिप्रति हामी सचेत हुनुपर्छ भनेर बाइबलले सिकाउँदछ। ती दुई पक्षहरूलाई संतुलनमा राखेर हामी कसरी चल्ने?

२. आफ्नो मतमा ल्याउन संसार चहार्ने फरिसी (अर्थात् इसाई बनाउने अगुवाहरूलाई) धिक्कार भनेर हप्काउनुभएको येशूको वचनलाई गहिरिएर सोच्नुहोस् (मत्ती २३:१५)। हाम्रो चर्चमा त्यो नहुन सामूहिक रूपमा हामीले के गर्नुपर्दछ? नयाँ विश्वासीहरू अत्यन्त उत्साहित भएर चर्चमा आउँछन् तर चर्चमा आएपछि वा बप्तिस्मा पाएपछि तिनीहरूलाई पन्छाउने चिसो निति लिएका अगुवा वा पुराना विश्वासीहरू धिक्कारको स्थितिमा नपुग्न के गर्नुपर्छ? ती नयाँ विश्वासीहरूको जोशिलो दृष्टि ठिक ठाउँमा लगाउन हामीले के गर्नुपर्छ जसले गर्दा तिनीहरू नरकका सन्तान नहुन्? नयाँ तथा पुराना विश्वासीहरूका विश्वासी हृदयका आँखाहरूलाई परमेश्वरमा दृष्टिगत राखिराखिरहन चर्चको जिम्मेवार व्यक्तिको हैशियतलेर हामी के गर्नुपर्छ? उपरोक्त लक्ष्यमा रहिरहन वा सृजना गर्न के के उपाय तथा नितिहरू हामीले अपनाउनुपर्दछ।

३. चर्चमा भएका विभिन्न निकायहरूको बारेमा सोच्नुहोस्। चर्चका निकाय तथा अगुवाहरूको उचित मूल्याङ्कन गर्न के कार्यक्रम वा तरिकाहरू छन्, सो सोच्नुहोस्।